# लुम्बिनी प्रदेशको १० वर्षे रणनीतिक गुरुयोजना (आ.ब.२०७९/८० देखि आ.ब. २०९०/९१) निर्माण सम्बन्धी

# कार्यशर्त (Terms of Reference)

प्रदेश सरकार

प्रदेश योजना आयोग

मुकामः बुटबल

मंसिर, २०७८

# परिचय

## १.१ **पृष्ठभूमिः**

ऐतिहासिक रुपमा स्थापित संविधान सभाबाट निर्मित संविधानले नेपाललाई एकात्मक राज्य संरचनाबाट संघात्मक राज्य संरचनामा रुपान्तरण गर्यो । यसको परिणाम स्वरुप हाल केन्द्रमा संघीय सरकार, सात वटा प्रदेश सरकार र ७५३ स्थानिय तहहरु निर्धारण गरिएका छन् । लुम्बिनी प्रदेश सात वटा प्रदेश मध्ये एक महत्वपूर्ण, रणनैतिक तथा ऐतिहासिक महत्व बोकेको प्रदेश हो ।

योजनाबद्ध विकासको माध्यमबाट प्रदेशको घोषित कार्यक्रम "समृद्ध नेपालः सुखी नेपाली" को अवधारणा र प्रादेशिक समृद्धिको नारा समृद्ध प्रदेश आत्मनिर्भर जनता को अवधारणालाई वस्तुगत बनाउनु यस रणनीतिक योजनाको मुख्य उद्देश्य रहेको छ । लुम्बिनी प्रदेशको प्रथम आवधिक योजना (आ.ब. २०७६/०७७ देखि आ.ब. २०८०/८१) ले तय गरेका क्षेत्रगत सूचकहरु लाई आधार बिन्दुका रुपमा प्रयोग गर्दै नेपालको संविधान, नेपालको दीर्घकालिन सोँच २१००, नेपाल सरकारको पन्ध्रौं आवधिक योजना, दीगो विकासका लक्ष्यहरु र प्रदेश सरकारका हालसम्मका नीति तथा कार्यक्रम र बार्षिक बजेटका आधारमा समग्र विकासको खाका बनाउनु यस रणनीतिक योजनाको मुख्य लक्ष्य रहनेछ ।

२०७२ सालमा संघीय व्यवस्थासहितको नयाँ संविधान लागू भएपछि अस्थायी नाम प्रदेश नम्बर पाँचको रूपमा शुरूवाती अभ्यास गरेको यस प्रदेशलाई २०७७ साल असोज २० गतेको प्रदेश सभाको बैठकले लुम्बिनी नामाकरण गरेको छ भने प्रदेशको स्थायी राजधानी दाङ र अर्घाखाँची जिल्लामा पर्ने राप्ती उपत्यकालाई तोकिएको छ। प्रदेशका धेरैजसो भुभागलाई समदुरी हुने र शहरीकरण नभएको क्षेत्रमा व्यवस्थित राजधानी शहर सिर्जनाको सिलसिलाद्वारा परिवर्तन संभव छ भन्ने सन्देश स्थापित गर्ने तथा विकास र समृद्धिका माध्यमद्वारा प्रदेशलाई आधारभूत रूपमा परिवर्तन गर्ने अवसर र चुनौती प्राप्त भएको छ।

विकासका हिसावले समेत यो प्रदेश अन्यन्त संभावित प्रदेश हो । यस प्रदेशमा कृषि, जलविद्युत, पर्यटन लगायतका क्षेत्रहरुको विकासको समेत प्रचुर सम्भावना रहेको छ । विगतको तुलनामा

अर्थतन्त्रका विविध पक्षहरुमा निकै परिवर्तन भएता पनि जनताका बढ्दा आकांक्षाहरु सम्बोधन गर्न एवं समृद्ध एवं समुन्नत प्रदेश निर्माणकालागि अझै थुप्रै कार्यहरु गर्न बाँकी रहेको छ । यसै सन्दर्भमा लुम्बिनी प्रदेशको बिकासको लागि अल्पकालिन, मध्यकालिन एवं दीर्घकालिन योजनाहरु निर्माण गरी ठोस नतिजा प्राप्त हुने हिसाबले कार्यान्वयनको तहमा जानु पर्ने आवश्यकता रहेको छ ।

समयक्रमसंगै गरिवीको तहमा उल्लेख्य रुपमा कमि आएतापनि अझै पनि जनसंख्याको ठूलो हिस्सा गरिबीको रेखामुनी रही बाँच्न बाध्य रहेका छन् ।स्वदेशमा रोजगारीको अवसरको अभावले लाखौं युवा जनशक्ति रोजगारीकालागि विदेशिने क्रम पनि तीब्र रुपले बढिरहेको छ । स्थानिय स्रोत र साधनहरुको पहिचान गरी ती स्रोत र साधनहरुको अधिकतम उपयोगबाट प्रदेशको उच्च आर्थिक वृद्धि हासिल गर्नु पर्ने चुनौति विद्यमान रहेको हुँदा प्रदेशमा रहेका यावत् समस्याहरुको समाधान गरी समृद्ध प्रदेश निर्माणकोलागि रणनीतिक गुरुयोजना तयार पार्ने एवं योजनाले निदृष्ट गरेका विषयवस्तुहरुलाई कार्यान्वयनमा लैजानु पर्ने आवश्यकताले गर्दा यो रणनीतिक गुरुयोजना तयार गर्न लागिएको हो ।

## १.२. १० वर्षे रणनीतिक गुरुयोजना (आ.ब.२०८०/८१ देखि आ.ब. २०९१/९२) निर्माणका उद्देश्यहरुः

योजनाबद्ध विकासको माध्यमबाट प्रदेशको घोषित कार्यक्रम "समृद्ध नेपालः सुखी नेपाली" को अवधारणा र प्रादेशिक समृद्धिको नारा समृद्ध प्रदेश आत्मनिर्भर जनता को अवधारणालाई वस्तुगत बनाउनु यस रणनीतिक योजनाको मुख्य उद्देश्य रहेको छ । लुम्बिनी प्रदेशको प्रथम आवधिक योजना (आ.ब. २०७६/०७७ देखि आ.ब. २०८०/८१) ले तय गरेका क्षेत्रगत सूचकहरु लाई आधार बिन्दुका रुपमा प्रयोग गर्दै नेपालको संविधान, नेपालको दीर्घकालिन सोंच २१००, नेपाल सरकारको पन्ध्रौं आवधिक योजना, दीगो विकासका लक्ष्यहरु र प्रदेश सरकारका हालसम्मका नीति तथा कार्यक्रम र बार्षिक बजेटका आधारमा समग्र विकासको खाका बनाउनु यस रणनीतिक योजनाको मुख्य लक्ष्य रहनेछ ।

यो गुरुयोजना निर्माणको सामान्य उद्देश्यमा लुम्बिनी प्रदेशको अर्थतन्त्रलाई प्रभाव पार्ने विभिन्न क्षेत्रहरुसंग सम्बन्धित नीतिगत उद्देश्यहरु किटान गर्नुका साथै ती उद्देश्यहरुसंग सम्बन्धित रणनीतिहरु तय गर्ने, आवश्यक कार्यनीति एवं अपेक्षित उपलब्धि निर्धारण गर्ने कार्यहरु पर्दछन् । यो रणनीतिक गुरुयोजना निर्माणका विशिष्ट उद्देश्यहरु देहाय बमोजिम रहेका छन्ः

क) **लुम्बिनी प्रदेशको प्रथम आवधिक योजनाको बिषयसूचीमा उल्लेखित सबै बिषयहरु**का आधारमा लुम्बिनी प्रदेशको आगामी १० वर्षको बिकास योजनाको प्रक्षेपण सहितको अध्ययन प्रतिवेदन (Conceptual note ) तयार गर्नु ।

ख) बृहत (Macro) तथा सूक्षम (Micro) अर्थशास्त्रमा आधारित रही राष्ट्रिय तथा प्रदेशिक बिकासको क्षेत्रगत सूचक (Sectorial Indicators) निर्माण गर्नु ।

ग) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय र अन्तरप्रादेशिक दीर्घकालिन विकासका दस्तावेज तथा सूचकहरुको तुलनात्मक अध्ययन (Comparative Study) गरी त्यसका आधारमा तादम्यता हुने गरी प्रदेशिक सूचकहरुको निर्माण, सूचकहरुको प्रक्षेपण तथा १० बर्षे बिकासको लक्ष्य निर्धारण गर्नु ।

घ) प्रदेशिक महत्वका क्षेत्रहरु को SWOT बिष्लेषण गरी क्षेत्रगत लक्ष्य निर्धारण गर्नु।

ङ) दीगो विकास लक्ष्य SDG को स्थानियकरणका लागि आवश्यक बिधि निर्धारण गर्नु ।

च) प्रादेशिक रुपमा रहेको Resource gap लाई सन्तुलित बनाउन आवश्यक Tools बिकास गर्नु ।

छ) लुम्बिनी प्रदेशको बिद्यमान अनुगमन तथा मुल्याङ्कन निर्देशिका,२०७५ लाई प्रभावकारी बनाउन परिमार्जन गर्नुपर्ने बिषयहरु र अनुगमन ढाँचा तय गर्नु (यसलाई नयाँ सूचकहरुको आधारमा मापन गर्न मिल्ने गरी अनुगमन मूल्यांकन ढाँचा निर्माण गर्ने) ।

ज) सबै नागरिकलाई समान अवसर प्रदान गर्ने संघीय गणतन्त्रात्मक समावेशी लोकतान्त्रिक शासनव्यवस्था स्थापित भएको हुँदा आगामी कार्यदिशाको रूपमा आर्थिक-सामाजिक विकासलाई आत्मसात गर्नु।

झ) राष्ट्रिय स्तरमा वि. सं. २१०० सम्मको दीर्घकालीन सोचसहितको पन्ध्रौं योजना लागू भएको र यसले वि. सं. २०८७ सम्ममा बहुआयामिक गरिबीबाट सबै नागरिकलाई मुक्त गरी दिगो विकासका लक्ष्य हासिल गर्ने र नेपाललाई मध्यम आय भएको मुलुक बनाउने तथा वि. सं. २१०० सम्ममा नेपाललाई समुन्नत राष्ट्रको स्तरमा पुर्याउने सोच राखेकोले त्यसलाई हासिल गर्न प्रदेशको योजना निर्माण गर्नु।

ञ) प्रदेशको समृद्धिका लागि विकासको प्रष्ट मार्ग (रोडम्याप) निर्धारण गरी तद अनुरूप स्रोत साधनको व्यवस्थापन र विकास कार्यको प्राथमिकीकरण गर्नु।

ट) विकास र समृद्धिको संवाहकका रूपमा स्थापित प्रदेश सरकारको कार्यक्षेत्र, चुनौती, अवसर, दायित्व, सामर्थ्य, सीमा र कार्यदिशाका विषयमा जनस्तर, जनप्रतिनिधि, कर्मचारी, निजी क्षेत्र, सहकारी क्षेत्र, सामुदायिक क्षेत्र तथा विकास साझेदारहरूबीच प्रदेशको स्पष्ट दृष्टिकोण स्थापित गरी प्रदेशको विकास र समृद्धिको अभियानमा सक्रिय सहभागिता सुनिश्चित गर्नु।

ठ) विश्वका धेरै देशहरूमा सक्रिय उमेर समुहको जनसंख्यामा बाहुल्यता रहेको कालखण्डमा विकासको उचाइ प्राप्त गरेको सन्दर्भमा नेपाललाई पनि जनसांख्यिक लाभ प्राप्त गर्ने ऐतिहासिक अवसर रहेको हुँदा प्रदेशमा सो अवसरको सदुपयोग गर्नु।

## ३.रणनीतिक गुरुयोजना निर्माणको निम्ति आवश्यक समय, मानवस्रोत तथा बजेट

३.१.अध्ययन सम्पन्न गर्ने समयावधिः यो अध्ययन आ.व. २०७८/७९ को वार्षिक बजेटमा उल्लेख भए अनुरुप आ.व. २०७८/७९ भित्र सम्पन्न गर्नु पर्ने छ ।

### ३.२. मानवस्रोत व्यवस्थापनः

योजना निर्माणको अवधिका लागि निम्नबमोजिमका जनशक्ति कम्तीमा ४ (चार) महिनाका लागि पूर्णकालीन कर्मचारीका रूपमा व्यवस्था गर्नुपर्ने देखिन्छः-

| क्र.सं. | विज्ञको प्रकार | संख्या | कार्य अवधि (दिन) |
|---|---|---|---|
| १ | टीम लिडर | १ | ९० |
| २ | अर्थशास्त्री | १ | ४५ |
| ३ | तथ्यांकशास्त्री | १ | ९० |
| ४ | समाजशास्त्री/ग्रामीण विकास विज्ञ | १ | ४५ |
| ५ | पर्यटनविज्ञ | १ | ४५ |
| ६ | भूगोल/भूगर्भ विद् | १ | ४५ |
| ७ | पूर्वाधारविज्ञ | १ | ४५ |

### ३.२.१. विज्ञहरुको योग्यताः

**टोलिनेता अर्थात्  अर्थविज्ञ**

- मान्यताप्राप्त विश्वविद्यालयबाट अर्थशास्त्र विषयमा कम्तिमा विध्यावारिधि गरी अनुसन्धान तथा अध्ययन/अध्यापन क्षेत्रमा ५ वर्षको अनुभव प्राप्त गरेको  अथवा  उल्लेखित बिषयमा स्नातकोत्तर गरी १० वर्षको अनुभव प्राप्त गरेको हुनुपर्ने
- व्यवस्थापकिय क्षेत्रमा  ५ बर्षको अनुभव प्राप्त  गरेको हुनुपर्ने
- कम्तिमा ५ बटासम्म अनुसन्धानात्मक लेखहरु राष्ट्रिय तथा अन्तराष्ट्रिय जर्नलमा प्रकाशित भएका हुनुपर्ने ।

**तथ्यांकशास्त्री**

- मान्यताप्राप्त विश्वविद्यालयबाट कम्तिमा स्नातकोत्तर तह पास गरेको हुनुपर्ने
- सम्वन्धित विषयक्षेत्रमा रही कम्तिमा ३ देखि ५ वर्षको अनुभव प्राप्त गरेको हुनुपर्ने
- सम्वन्धित विषय क्षेत्रमा कम्तिमा ३ देखि ५ वर्षको अध्ययन/अनुसन्धान/अध्यापन गरेको हुनुपर्ने
- सम्वन्धित विषयमा कम्तिमा ३ वटा लेखहरु प्रकाशित गरेको हुनुपर्ने

**समाजशास्त्री/ग्रामीण विकास विज्ञ**

- मान्यताप्राप्त विश्वविद्यालयबाट ग्रामीण बिकास बिषयमा कम्तिमा स्नातकोत्तर तह पास गरेको हुनुपर्ने
- सम्वन्धित विषयक्षेत्रमा रही कम्तिमा ३ देखि ५  वर्षको अनुभव प्राप्त गरेको हुनुपर्ने
- सम्वन्धित विषय क्षेत्रमा अध्ययन/अनुसन्धान/अध्यापन गरेको हुनुपर्ने
- सम्वन्धित विषयमा कम्तिमा ३ वटा लेखहरु प्रकाशित गरेको हुनुपर्ने

**पर्यटनविज्ञः**

- मान्यताप्राप्त विश्वविद्यालयबाट कम्तिमा स्नातकोत्तर तह पास गरेको हुनुपर्ने
- सम्वन्धित विषयक्षेत्रमा रही कम्तिमा ३ देखि ५  वर्षको अनुभव प्राप्त गरेको हुनुपर्ने
- सम्वन्धित विषय क्षेत्रमा अध्ययन/अनुसन्धान/अध्यापन गरेको हुनुपर्ने
- सम्वन्धित विषयमा कम्तिमा ३ वटा लेखहरु प्रकाशित गरेको हुनुपर्ने

**भूगोल/भूगर्भ विद्**

- मान्यताप्राप्त विश्वविद्यालयबाट कम्तिमा स्नातकोत्तर तह पास गरेको हुनुपर्ने
- सम्वन्धित विषयक्षेत्रमा रही कम्तिमा ३ देखि ५  वर्षको अनुभव प्राप्त गरेको हुनुपर्ने
- सम्वन्धित विषय क्षेत्रमा अध्ययन/अनुसन्धान/अध्यापन गरेको हुनुपर्ने
- सम्वन्धित विषयमा कम्तिमा ३ वटा लेखहरु प्रकाशित गरेको हुनुपर्ने

३.३.सेवा प्रदायकको छनौट तथा मुल्यांकन प्रकृया :

सार्वजनिक खरिद ऐन,२०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ मा व्यवश्था भए बमोजिम फर्महरुको छनौट तथा मूल्यांकन गरिने छ ।

## ३. अपेक्षित प्रतिफलहरु

१. कृषि र पशुपंक्षी पालनलाई व्यावसायीकरण गरी कृषि र पशुजन्य उत्पादनमा व्यवसायिक, लागतप्रभावी तथा आत्मनिर्भर बन्ने। कृषिमा बहु-मौसम खेतीप्रणालीमा जोड दिने।

२. प्रदेशको आधाभन्दा धेरै भूगोल ढाकेको वनक्षेत्रको अत्यन्तै न्युन उपयोग भएको वर्तमान अवस्थालाई मनन गरी वनलाई संरक्षित क्षेत्र र व्यवसायिक वन क्षेत्रको परिभाषामा स्पष्ट गरी प्रदेशको समृद्धिको आधार बनाउने।

३. पर्या-पर्यटन, धार्मिक पर्यटन, खेल पर्यटन तथा साहसिक खेलबाट दिगो अर्थोपार्जन गर्ने आधार सिर्जना गर्ने।

४. प्रशस्त संख्यामा रहेका पहाडहरूलाई हिलस्टेशनको रूपमा विकास गरी ठूलो संख्यामा भारतीय पर्यटक लोभ्याउने पर्यटकीय गन्तव्य विकास गर्ने।

५. आयात प्रतिष्थापन र निर्यात वृद्धिमा जोड दिने। आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्ने।

६. प्रदेशको दक्षिणमा रहेका सीमावर्ती नाकाहरूलाई विकास गर्ने र नाकाआधारित शहरीकरण गर्ने। छिमेकी मुलुकबाट किनमेलका लागि यी बजारहरूमा ग्राहक आउने गरी विश्वस्तरीय ब्राण्डका सामग्री उपलब्ध हुने व्यापारिक केन्द्रहरू विकास गर्ने।

७. अन्तरदेशीय व्यापारको सिधा सम्पर्क प्रदेशबाटै हुने दिशामा विकास गर्ने।

८. खानी तथा भूगर्भ विभागमा उपलब्ध तथ्याङ्कहरूले लुम्बिनी प्रदेशलाई भौगर्भिक सम्पदाको हिसाबमा संभवत सबैभन्दा धनी प्रदेशको रूपमा संकेत गरेको परिप्रेक्ष्यमा धातु, चुनढुङ्गा, गिट्टी, बालुवा लगायतका भौगर्भिक सम्पदालाई प्रदेशको विकास र समृद्धिको एक प्रमुख आधार बनाउने।

९. योजना निर्माण भौगोलिक सूचना प्रणाली (GIS) मा आधारित रहने पछिल्लो समयमा स्थापित चलनलाई आत्मसात गरेर योजना निर्माण गर्ने।

१०. ऊर्जा क्षेत्रमा विश्वव्यापी रूपमा आधारभूत परिवर्तन आउने पर्याप्त आधारहरू देखिएको हुँदा दीर्घकालीन परिवेश अनुरूप ऊर्जा क्षेत्रको विकास गर्ने।

११. रोजगारी सिर्जनामा जोड दिने। वैदेशिक रोजगारीबाट प्राप्त गरेका सिप तथा अनुभवको उपयोग गर्ने।

१२. आगामी पुस्तालाई संस्कारयुक्त तथा देशविकासको भावनाले ओतप्रोत जनशक्तिको रूपमा विकास गर्ने गरी शिक्षा प्रदान गर्ने। गुणस्तरीय शिक्षाका लागि प्रदेशबाहिर जानुपर्ने अवस्था अन्त्य गर्ने।

१३. सुलभ र गुणस्तरीय स्वास्थ्य सेवाको विकास गरी उपचारका लागि प्रदेशबाहिर जानुपर्ने अवस्था अन्त्य गर्ने।

१४. ज्येष्ठ नागरिकलाई सक्रिय र सिर्जनशील जीवनमा जोड्ने ढाँचा र सामाजिक जीवनशैलीको विकास गर्ने।

१५. जनजीविकाको सुव्यवस्था, प्रभावकारी सेवाप्रवाह, स्वच्छ तथा मर्यादित वातावरण, स्रोतसाधन र अवसरको प्रचुर उपलब्धता, सुशासन लगायतका विषयमा जोड दिने। सुरक्षित भविष्यको प्रत्याभूति हुने समाजको विकास गर्ने।

१६. विश्वको आर्थिक विकासका पाटाहरूलाई औंल्याउँदा प्रदेशको लागि निश्चित उत्पादन र व्यापारका विषयमा सार्वजनिक क्षेत्र र निजी क्षेत्र प्रतिष्पर्धी हुने। प्रतिफल जनस्तरमा प्रत्यक्ष पुग्ने मोडेलहरू विकास गर्ने।

१७. वैज्ञानिक भू-उपयोगमा जोड दिने। जमिनमा रहेको निजी स्वामित्वको कारण सरकारले भू-उपयोगमा काम गर्न कठिन हुने हुँदा राज्य आफैंले जग्गा खरिद गरी बस्ती तथा पूर्वाधार विकास गर्ने र निजी जग्गामा सार्वजनिक लगानीका पूर्वाधार विकास कम गर्दै जाने नीति लिने।

१८. हालका राजनैतिक एकाईका केन्द्रहरू भविष्यका शहरबजारमा परिणत हुने संभावनालाई मध्यनजर गरी त्यस्ता क्षेत्रको व्यवस्थित र योजनाबद्ध विकासमा जोड दिने।

१९. उत्पादन, रोजगारी सिर्जना र विकासको समन्यायिक वितरणलाई ध्यान दिने।

२०. स्रोतको उपलब्धता एवम् नीतिको कार्यान्वयन योग्यतालाई योजना निर्माणको आधारको रूपमा लिने।

२१. विपद् जोखिम न्यूनीकरण गरी विपद उत्थानशील समाजको निर्माण गर्ने।

**२२.** यो रणनीतिक गुरुयोजना समग्र लुम्बिनी प्रदेशसंग सम्बन्धित हुनेछ । लुम्बिनी प्रदेशमा रहेका सम्पूर्ण जिल्लाहरु, नगरपालिका एवं गाउँपालिकाहरु अध्ययनको क्षेत्र भित्र समाविष्ट हुनेछन् । गुरुयोजनाले प्रत्येक जिल्लाहरु, नगरपालिका एवं गाउँपालिकाहरुको छुट्टाछुट्टै अध्ययन विश्लेषण भने गर्ने छैन । रणनीतिक गुरुयोजना निर्माण गर्ने विज्ञ टोलीले लम्बिनी प्रदेश योजना आयोगमा आवश्यकता अनुसार आफ्नो प्रस्तुतिकरण गर्नु पर्ने छ ।

## ४. अध्ययनको बिधि, समयावधि तथा भुक्तानीको विधि

प्रकियाको पहिलो प्रमुख चरणको रूपमा यो अवधारणापत्रमा उल्लिखित तथा तथ्याङ्क संकलन, छलफल र विश्लेषणबाट प्राप्त थप प्रक्रिया र वस्तुस्थितिलाई दस्तावेजीकरण गरी योजनाको आधारपत्र तयार गरिनेछ। उक्त आधारपत्रलाई प्रदेश सरकारद्वारा औपचारिक रूपमा स्वीकृत गरिनेछ। प्रदेश सरकार स्थापना पश्चातका नीति तथा कार्यक्रम, बार्षिक बजेट र आवधिक योजनाको अध्ययन तथा बिश्लेषण गरी उक्त दस्तावेजमा योजनाको स्वरूप र विषयवस्तुवारे तथा तर्जुमा प्रक्रियाका चरणहरूबारे प्रकाश पारिनेछ। योजना तर्जुमाको विस्तृत प्रक्रिया, छलफल, अन्तरक्रिया, विज्ञ तथा सरोकारवालाहरूको राय सुझाव, प्रदेशको वस्तुस्थिति विवरण, तथ्याङ्क संकलन, प्रदेशका संभावना, अवसर तथा सोच लगायतका विषयहरू उल्लेख गरिनेछ। दीर्घकालीन हिसाबले लिनुपर्ने लक्ष्य तथा रणनीतिहरू आँकलन गरिनेछ भने योजना तर्जुमाका प्रमुख आधारहरू पहिचान गरिनेछ। दीर्घकालीन योजनामा भावी सरकार तथा सबै सरोकारवालाहरूले स्वामित्व ग्रहण गर्ने प्रयोजनका लागि सर्वपक्षीय छलफल तथा अन्तरक्रिया गरिनेछ। योजना निर्माणको कार्ययोजना निम्नबमोजिम प्रस्ताव गरिएको छः-

| क्र.स. | क्रियाकलाप | समयसीमा |
|---|---|---|
| १. | माननीय मुख्यमन्त्रीज्यूको मार्गनिर्देशन तथा प्रथम बैठक | २०७८ मंसिर भित्र |
| २. | समय सीमासहितको कार्ययोजना/ कार्यशर्त तयारी (TOR) स्विकृती | २०७८ पौष १५ |
| ३. | आवेदन माग/मूल्याङकन र सम्झौता | २०७८ पौष ३० |
| | **सेवा प्रदायकको तर्फबाट** | |
| ४. | तथ्याङ्क तथा विषयवस्तुको संकलन | २०७८ माघ ३० |
| ५. | योजनाको आधारपत्रको प्रथम मस्यौदा पेश | २०७८ फागुन २५ |
| ६. | मस्यौदा आधारपत्र उपर सर्वपक्षीय छलफल तथा अन्तरक्रिया | २०७८ फागुन २५-३० सम्म |
| ७. | आधारपत्र परिमार्जन गरी प्रदेश सरकार समक्ष पेश | २०७८ चैत्र १५ |

| क्र.स. | क्रियाकलाप | समयसीमा |
|---|---|---|
| १०. | आधारपत्र बमोजिमको योजनाको विस्तृतीकरण तथा सुझाव संकलन र अन्तरक्रिया तथा छलफल | २०७८ चैत्र ३० |
| ११. | परिमार्जनसहित अन्तिम योजना तर्जुमा गरि प्रदेश योजना आयोगमा पेश | २०७८ जेठ २० |

## ५. रकम भुक्तानी

आयोगले सेवा प्रदायक संस्थालाई निम्न बमोजिम रकम भुक्तानी गर्नेछः

| सम्पन्न गर्नुपर्ने कार्य | भुक्तान हुने रकम | कैफियत |
|---|---|---|
| सम्झौताको बखत | कुल रकमको १० % | |
| योजनाको आधारपत्रको प्रारम्भिक मस्यौदा पेश भएपश्चात | कुल रकमको २० % | |
| योजनाको आधारपत्रको परिमार्जन सहित खेस्रा (Draft) प्रतिवेदन पेश भएपश्चात | कुल रकमको ३० % | |
| परिमार्जनसहित अन्तिम योजना तर्जुमा गरि प्रदेश योजना आयोगमा पेश | कुल रकमको ४० % | |